annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ६९ पृष्ठ ८ | काठमाडौं, सोमबार २४ असार २०८१ | आषाढ शुक्लपक्ष तृतीया, नेपाल संवत् ११४४ | MONDAY, JULY 8, 2024 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

## समाज कल्याणको प्रतिवेदन

# परोपकारी रेडक्रस भ्रष्टाचारमा चुर्लुम्म

नेपाल रेडक्रस सोसाइटी भ्रष्टाचारको दलदल फसेको छ। विगतदेखि सिन्डिकेट रहेको रेडक्रसमा पछिल्लो समय त बेतिथिको शिकार भएको पाइएको छ। समाज कल्याण परिषदद्वारा गठित छानबिन समितिले रेडक्रस सुशासनहिनता र अपारदर्शितालगायत गम्भीर अवस्थामा गुज्रिरहेको निश्कर्ष निकालेको छ। छानबिनमा अदालतबाट जारी आदेश कार्यान्वयन नभएको पाइएको छ।

समाचार पृष्ठ २

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**



### समितिले औंल्याएका तथ्यहरू

- संस्थाका गतिविधिहरू गैरकानुनी रूपमा सञ्चालन
- विधान तथा नियमावलीविपरीत संस्था सञ्चालन
- साधन-स्रोत व्यापक दुरुपयोग
- अक्षय कोषहरूको अपचलन
- अनावश्यक कार्यक्रमहरू तय गरी आर्थिक अपचलन र व्यक्तिगत स्वार्थ पूर्तिमा उपयोग
- संस्थागत सुशासन कमजोर
- जेनेभा महासन्धिका नाममा देशका कानुनहरू उल्लंघन
- सामग्री, सम्पत्ति तथा सेवाको खरिदमा न्यूनतम मापदण्डको बेवास्ता
- संस्थागत अपारदर्शिता
- कानुन व्यवसायी र सल्लाहकारहरूको नियुक्ति गैरकानुनी
- वित्तीय विकास कोषको उपयोगमा कानुन उल्लंघन
- कर्मचारी नियुक्ति, बढुवा र अवकाश गैरकानुनी
- सानो नगदी कोषको अवैध प्रयोग
- घर भाडामा लगाउँदा व्यापक अनियमितता
- कानुनी तथा वित्तीय व्यवस्थाविपरीत मुद्दती खाता सञ्चालन
- 'म्यानेजमेन्ट सपोर्ट कस्ट' मा अनियमितता
- वैदेशिक अनुदान तथा दातृ निकायको सहायतामा सञ्चालित परियोजनाहरूमा व्यापक घोटाला
- निर्देशकले विदा लिएर भूकम्प प्रतिकार्य प्रमुख भई प्रचलित कानुनविपरीत दोहोरो सेवा-सुविधा लिएको
- आर्थिक व्यवस्थापनका लागि कर्मचारीको नियुक्ति, कार्य समूह गठन, जिम्मेवारी, कार्य सम्पादन कानुनविपरीत
- सम्बद्ध सरकारी निकायहरूको निर्देशनको बेवास्ता

## पहिरोको त्रासले रातभर जाग्राम



**सरस्वती जैसी**

इजलास

गत कात्तिक १७ गते गएको जाजरकोट भूकम्पमा परी ३ नातिनातिना र एक बुहारी गरी ४ जनाको घटनास्थलमै ज्यान गयो। घर भत्किएपछि म काठको मुनि परेर बचेँ। छोरो कालापार गएकाले बच्यो। दुई आमाछोरा अस्थायी टहरा बनाएर बसेका छौं। हिउँदभरि टहरमा चिसोले सतायो। केही समय अघिसम्म गर्मीले सतायो।

अहिले वर्षातले सताउन थालेको छ। ठूलो हावाहुरी सहितको पानी आउँदा टिन चुहिएर बस्नै सकिँदैन। अस्थायी घरको डिलैबाट पहिरो जान थालेको छ। भेरी नदीको किनारमा पारि जाजरकोट र वारि रुकुमपश्चिम पर्छ। वरिपरि अजंगका पहाड छन्। पहाड भूकम्पले हल्लाएको छ। कतिवेला पहिरो खस्छ भनेर रातभर निद्रै लाग्दैन। जाग्राम बस्ने गरेका छौं। अहिलेसम्म पुनर्निर्माण भइसक्नुपर्ने हो तर अस्थायी टहरामै बस्न बाध्य छौं।

सरकारले घर बनाइदिएको भए ढुक्कसँग बस्न पाइन्थ्यो। भूकम्पा बाँचे पनि यो वर्षातमा बाँच्न गाह्रो छ। भूकम्पले थिलोथिलो भएका बस्ती निकै जोखिममा छन्। भिरालो जमिन, भूकम्पले हल्लाएको, विकासको नाममा डोजरले जथाभावी बाटो खनेको, बन फडानी आदि कारणले जाजरकोट र रुकुमपश्चिमका धेरै बस्ती पहिरोको उच्च जोखिममा रहेको कुरा भूगर्भविद्ले भनेका छन्। धेरै मानिसहरू पहिरोको त्रासमा छन्। घर छोडेर जाने ठाउँ पनि कतै छैन।

त्यसैले हामी जस्ता निमुखाको जीवन रक्षाका लागि सरकारले समयमै आवश्यक पहलकदमी लिनुपर्छ। संकटको घडीमा नागरिक जोगाउनु तीनै तहका सरकारको कर्तव्य हो।

*(जैसी आठबीसकोट नगरपालिका १४ छेपारे निवासी भूकम्पपीडित हुन्।)*

# विपद् क्षेत्रमा स्वास्थ्य जोखिम

## पानीजन्य रोग संक्रमणको उच्च जोखिम

**दिनेश गौतम** | *काठमाडौं*



बाढी प्रभावित क्षेत्रमा झाडापखाला लाग्ने, ज्वरो आउने, वान्ता गराउने खालका संक्रामक रोगको जोखिम पनि उच्च छ।

**डा. शेरबहादुर पुन**
सरुवा रोग विशेषज्ञ



पानी शुद्धीकरणका लागि स्थानीय तहले क्लोरिन वितरण गर्नुपर्छ। पानीको स्रोत सफा नगर्दा कीटाणु धाराबाट घरघरमा पुग्छन्।

**डा. बाबुराम मरासिनी**
जनस्वास्थ्यविज्ञ

निरन्तरको वर्षाले तपाईंको धारा, इनारको पानी धमिलो एवं दूषित भएको हुन सक्छ! यो बेला शुद्धीकरण नगरी पानी पिउँदा झाडापखाला, हैजा, आउँ, टाइफाइडदेखि विभिन्न छालाजन्य समस्या निम्तिन सक्छ।

दूषित पानीको उपभोगले विभिन्न रोग संक्रमणको उच्च जोखिम हुने विज्ञहरू बताउँछन्। सरुवा रोग विशेषज्ञ डा. शेरबहादुर पुनका अनुसार, दूषित पानी पिउँदा हैजा, झाडापखाला, आउँ, टाइफाइड रोगको जोखिम उच्च हुन्छ। बाढी प्रभावितलाई हेपाटाइटिस ए र ई लगायतका स्वास्थ्य समस्याले सताउँछ। त्यस्तै नुहाउन र कपडा धुनका लागि फोहोर पानीको प्रयोग गर्दा छालाजन्य समस्याहरू लुतो, दाद, घाउखटिरा र आँखा पाक्ने रोगले पनि पिरोल्न सक्छ। 'अहिले बाढी, पहिरोका कारण पिउने पानी दूषित भइरहेको हुन्छ। दूषित पानी पिउँदा पानीजन्य समस्याहरू देखिन सक्छन्। झाडापखाला हुने, ज्वरो आउने, वान्ता गराउने खालका संक्रामक रोगको जोखिम उच्च हुन्छ,' डा. पुन भन्छन्, 'यी पानीजन्य समस्या र रोगको संक्रमणले बाढी प्रभावित मात्र नभई जो कोहिलाई सताउन सक्छ। यस्ता लक्षण देखिनेबित्तिकै विशेष सावधानी अपनाउनुपर्छ। यस्तो बेला घरमा नबसी अस्पताल गएर उपचार सुरु गरिहाल्नुपर्छ।' बाढी प्रभावित क्षेत्रका बासिन्दा र विस्थापितहरू पानीजन्य रोग संक्रमणको उच्च जोखिममा रहेकाले पानी उमालेर पिउन पर्ने डा. पुनको सुझाव छ।

वर्षातको पानी बिसर्जन नहुँदा खाल्डाखुल्डी, सवारीसाधनका टायर एवं गमलामा जमेर बसेको हुन्छ। त्यस खालको पानीमा लामखुट्टे, भुसुनाहरू हुर्कने र कीटजन्य रोग उत्पन्न गर्ने जोखिम हुने डा. पुन बताउँछन्। 'वर्षात रोकिएको केही समयपछि कीटजन्य रोगहरूको पनि जोखिम झन् बढ्न सक्छ,' डा. पुन भन्छन्, 'समयै सजग नहुने हो भने यस वर्ष कीटजन्य समस्याले झन् बढी सताउन सक्छ।' लामखुट्टेको टोकाइबाट सर्ने डेंगु ७३ जिल्लामा संक्रमितहरू पाइएका छन्। त्यस्तै कीरा (माइट) को टोकाइबाट हुने स्क्रब टाइफसको पनि जोखिम हुने विज्ञहरू बताउँछन्।

इपिडिमियोलोजि तथा रोग नियन्त्रण महाशाखाका पूर्वनिर्देशक एवं वरिष्ठ जनस्वास्थ्य विज्ञ डा. मरासिनीका अनुसार विपद्को बेला स्थानीय निकाय बढी सक्रिय हुनुपर्छ। 'पिउने पानीको शुद्धीकरण गर्नमा ध्यान दिनुपर्छ। नियमित रूपमा क्लोरिन झोल वा ट्याब्लेट हालेर वा उमालेर पानीलाई शुद्धीकरण गरी पिउने व्यवस्था मिलाउनुपर्छ। यसका लागि स्वास्थ्यकर्मी, स्वयंसेविकालाई यथाशीघ्र परिचालन गर्नुपर्छ,' डा. मरासिनीको सुझाव छ, 'पिउने पानीको स्रोत (मुहान)हरू सफा नगर्ने हो भने कीटाणुहरू घरघरमा पुग्छन्। यस काममा जनप्रतिनिधि एवं विभिन्न राजनीतिक दलका कार्यकर्ताहरू परिचालित हुनुपर्छ।'

» बाँकी पृष्ठ ६

## गाजा युद्धको १० महिना, ३८ हजारको मृत्यु

**गाजा पट्टी** (रासस/एएफपी) : हमासले दक्षिणी इजरायलमा गत वर्षको अक्टोबर ८ मा गरेको हमलाको बदला इजरायलले गाजामा युद्ध सुरु गरेको आइतबार १०औं महिना प्रवेश गरेको छ। यस अवधिमा प्यालेस्टिनी भूमिमा ३८ हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ भने हजारौं घाइते भएका छन्। युद्धका कारण लाखौं विस्थापित भएका छन्।

हमासले अक्टोबर ८ मा गरेको आक्रमणमा करिब १ हजार २ सय जनाको मृत्यु भएको थियो भने २५० जना बन्धक बनाएको थियो। युद्धविराम र कैदी आदान प्रदान सम्झौतापछि हमासले १०० भन्दा बढी व्यक्तिलाई रिहा गरेका थिए भने यसको तेब्बर संख्यामा प्यालेस्टिनी बन्दी रिहा भएका थिए।

यसैबीच गाजामा द्वन्द्व निरन्तर जारी रहेको प्यालेस्टिनी रेड क्रिसेन्टले जनाएको छ। इजरायली आक्रमणमा मारिएका दुई बालबालिकासहित ६ जनाको शव आइतबार मध्यसहर देइर अल-बलाहस्थित अल अक्सा सहिद अस्पतालमा आइपुगेको जनाएको छ। त्यस्तै हमास शासित गाजाको स्वास्थ्य मन्त्रालयले मध्य गाजाको नुसिरातमा विस्थापितलाई आश्रय दिइरहेको प्यालेस्टिनी शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय निकायले सञ्चालन गरेको विद्यालयमा भएको आक्रमणमा परी १६ जनाको मृत्यु भएको जनाएको थियो।

# किरिया कर्ममा बस्दा पनि जनताकै सेवा !

**नवीनराज कुइँकेल** | *बेंसीसहर*

सामान्यतया: किरियापुत्रीले किरियाकर्मबाहेक अन्य काम गर्नुहुँदैन भन्ने मान्यता छ। हुन पनि शोकमा रहेका बेला दिवंगतको सम्झनामा किरियाकर्म गर्ने, इष्टमित्र, छिमेकी र साथीभाइहरूबाट समवेदना ग्रहण गर्दैमा किरियापुत्रीको दिन बित्छ।

लमजुङको राइनास नगरपालिका-१ साहिँलीटारका नरेन्द्रराज घिमिरे भने किरिया कर्ममा रहे पनि जनताको सेवा प्रवाहमा खटिरहेका छन्। घिमिरे लमजुङकै दूधपोखरी गाउँपालिकाका लेखा अधिकृत हुन्। उनलाई अहिले पितृशोक परेको छ। उनका पिता दुर्गाभक्त घिमिरेको ८२ वर्षको उमेरमा गत असार १९ गते निधन भयो। हाल उनी पिताको किरिया कर्मका लागि घरमा छन्। तर, घिमिरेले जनताको सेवा प्रवाहमा असर नपरोस भनेर नियमित काममा खटिरहेका छन्।

आर्थिक वर्ष सकिन केही दिन मात्र बाँकी छ। आर्थिक वर्ष सकिन लाग्दा आर्थिक कारोबार बन्द हुने भएकाले यतिबेला सरकारी कार्यालयहरूमा चापाचाप छ। विशेषगरी यो आर्थिक वर्षभरि सञ्चालन भएका योजना, कार्यालयमा हुने अन्य थुप्रै काम कारबाही र कर्मचारीका तलबभत्ताको भुक्तानी दिने समय भएकाले पनि कार्यालयमा चाप बढेको हो।



बाबुको किरिया बस्दा पनि काम गर्दै दूधपोखरी गाउँपालिकाका लेखा अधिकृत नरेन्द्रराज घिमिरे। ● अन्नपूर्ण

सरकारी कार्यालयसँगै स्थानीय तहहरूको आर्थिक भुक्तानीको काम भ्याइनभ्याइ छ। वर्षभरि सञ्चालन भएका योजनाको बाँकी भुक्तानी लिन पालिकाहरूमा सरोकारवालाहरूको भीड छ। कार्यालयका प्रमुखलाई तोक लगाउँदैमा र लेखा अधिकृतलाई भुक्तानी दिन भ्याइनभ्याइ छ।

'आर्थिक वर्ष सकिन लागेकाले विकास निर्माणका भुक्तानी, कर्मचारीको तलबलगायतका महत्वपूर्ण कामहरू ओझेलमा नपरोस् भन्ने छ। त्यसैले किरियाकर्ममा भए पनि कार्यालयको काम गरिरहेको छु', लेखापाल घिमिरेले भने।

बुबाको किरियामा रहे पनि उनले कार्यालयको काम छोडेका छैनन्। सामान्यतया: किरियापुत्रीले किरियाकर्मबाहेक अन्य काम गर्न हुँदैन भनिन्छ। तर, घिमिरेले यतिबेला कार्यालयको काम नगर्ने हो भने धेरैजसोको आर्थिक चौपट हुन्छ। कार्यालयबाट सम्पादन हुने कैयौं योजनाको भुक्तानीदेखि कार्यालयका कर्मचारीहरूको तलब भत्तासमेत रोकिन्छ।

लेखा अधिकृतको पदीय जिम्मेवारीले घिमिरेले घरबाटै कार्यालयको काम गरिरहेका छन्। उनले भने, 'आर्थिक वर्षको अन्त्यमा मेरा कारणले जनताको सेवा प्रवाहमा असर नपरोस् भनेर घरबाटै भए पनि नियमित रूपमा कार्यालयको काम गरिरहेको छु।'

कार्यालयको लेखासँग सम्बन्धित सबै काम घिमिरेकै जिम्मामा हुन्छ। उनको अनुपस्थितिले कार्यालयका दैनिक कामकाज प्रभावित हुन्छन्। तर, प्रविधिको सहयोगमा घरबाटै कार्यालयको काम गर्न पाउँदा सन्तोष लागेको उनले बताए। किरियामा बसेका घिमिरेलाई गाउँपालिकाको कार्यालयले घरमै आवश्यक फाइलहरू लगिदिएको छ। ती फाइल र बिल भरपाईहरू हेरेर उनले घरबाट इन्टरनेटको माध्यमले भुक्तानी गरिरहेका छन्। दूधपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत टीकाबहादुर गोदारले लेखा अधिकृत किरियामा रहे पनि उनले सम्पादन गर्नुपर्ने काम घरबाटै गरिरहेका र कुनै पनि काम नरोकिएको बताए।

हुन त सरकारी नियमअनुसार उनले पिताको किरियाका लागि १५ दिनको बिदा पाउँछन्। यो बिदामा उनलाई काम गर्न पर्दैन। तर, आर्थिक वर्षको समाप्तिका बेला उनले काम नगर्दा कार्यालयबाट हुनुपर्ने भुक्तानी रोकिएर धेरै समस्या आउन सक्ने भएकाले घरबाटै भए पनि कार्यालयको काम गरेको उनले बताए।

गाउँपालिकाका प्रशासन प्रमुख रमण बरालले गाउँपालिकाबाट भुक्तानीका लागि आवश्यक कागजातसहितको फाइल राइनासको साहिँलीटारस्थित लेखा अधिकृत घिमिरेको घरमा पुर्‍याउने गरिएको बताए। घिमिरेले किरियामा बसेर पनि कार्यालयको काम गरिरहेकाले भुक्तानीको काम नरोकिएको गाउँपालिका अध्यक्ष धनप्रसाद गुरुङले बताए। दु:खको अवस्थामा पनि जनताको सेवा गरेकोमा सेवाग्राही भने खुसी भएका छन्।